# गोसाईकुण्ड गाउँपालिका रसुवा

## स्थानीय राजपत्र

खण्ड:- ०४   संख्या:- ०२   मिति:- २०७८/११/२३


### भाग – २

## गोसाईकुण्ड गाउँपालिका स्तरीय एकल महिला जिविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड २०७८

**पृष्ठभूमि :**

यस गोसाईकुण्ड गाउँपालिकामा बसोबास गर्ने एकल महिलाहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा उनीहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी क्षमता अभिवृद्धि गर्नका साथै राज्यद्वारा तोकिएको सेवा-सुविधाको उचित व्यवस्थापन गरी एकल महिलाको आर्थिक तथा सामाजिक हैसियत बढाई समतामुलक समाज निर्माण गर्न बजेट विनियोजन गरिएको छ । यस गाउँपालिका एकल महिलाहरूको सम्मान तथा सामाजिक प्रतिष्ठा स्थापित गर्न प्रयासरत छ । सोही आबश्यकतालाई सम्बोधन गर्न गोसाईकुण्ड गाउँपालिकाले स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरेको छ । समावेशी सहभागितालाई जोड दिदैं सामाजिक न्याय तथा सामाजिक सुरक्षा प्रदान गर्न यो कार्यक्रम निर्माण गरिएको हो । एकल महिलाहरूको सम्मान र सामाजिक प्रतिष्ठा स्थापित गर्दै समतामुलक सामाजिक समावेशिकरणलाई जोड दिदैं समन्यायिक समाज निर्माण गर्न यो मापदण्ड तयार पारिएको छ ।

**उद्देश्य :**

१. ७० वर्षभन्दा कम उमेरका विपन्न र पिछडिएका एकल वा विधुवा महिलाहरूका लागि जिविकोपार्जन कार्यक्रम सञ्चालन गरेर सामाजिक तथा आर्थिक सशक्तिकरणमा जोड दिँदै सक्षम र स्वावलम्बी बनाउने ।

२. ती महिलाहरूको आर्थिक, सामाजिक र बौध्दिक पक्षको विकास गरी सामाजिक न्याय प्रवर्द्धन गर्ने ।

३ एकल वा विधुवा महिलाप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।

**समिति गठन :**

१.यस गोसाईकुण्ड गाउँपालिका भित्र रहेका हरेक वडामा एकल तथा विधवा महिला मध्येबाट बढिमा ९ जनाको समुह गठन गर्ने । समिति गठनका लागि गाउँपालिका अध्यक्षको समन्वयमा उपाध्यक्षबाट सम्बन्धित वडाध्यक्षसहित महिला जनप्रतिनिधिहरुसँग सहजकिरण र सहकार्य हुनेछ । वडाको सिफारिससहित उक्त समूहको विवरण एवं कार्यक्रम गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२. यस गाउँपालिकाको ६ वटै वडामा वडास्तरिय समिति गठन तथा विस्तार गरेपश्चात १५ सदस्यीय गाउँपालिकास्तरिय महिला संजाल गठन गर्ने ।

**कार्यक्रम सञ्चालन हुन सक्ने क्षेत्र :**

१. गोसाईकुण्ड गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने एकल वा विधुवा महिलाहरूका लागि महिला अधिकार तथा कर्तव्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

२. आर्थिक अवस्था तथा जीवनस्तर उकास्ने कार्यक्रम सञ्चालन गर्ने ।

३. दैनिक जीवन निर्वाह मात्र नभई यस प्रकारका महिलाको दीर्घकालिन रुपमा जीवनस्तर विकासमा केन्द्रित हुने ।

४. जिविकोपार्जनका लागि कृषि तथा गैर-कृषि अन्तर्गत व्यवसायमूलक क्षेत्रमा व्यक्तिगत तथा समूहगत अनुदान दिने ।

५. सामाजिक अवस्था सुदृढीकरणका लागि अभिमुखिकरण तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

६. जिल्लाभित्र कार्यरत संस्थाहरूसँग विभिन्न विषयमा लागत साझेदारी गर्ने गरी सहकार्य गर्ने ।

७. सिप विकास तालिम पश्चात् लक्षित वर्ग प्रोत्साहन कार्यक्रम अन्तर्गत व्यवसाय प्रबर्धन गर्न सामुहिक वा व्यक्तिगत रुपमा विपन्न महिलाहरुका लागि विउ पूजी वितरण गर्ने ।

८. गाउँपालिका क्षेत्रका लक्षित वर्गका महिलाहरुका लागि क्षमता अभिवृद्धि पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने ।

९. सिलाईकटाई, सिकर्मी, डकर्मी, सोभेनियरका सामान निर्माण तालिम, खेलौना निर्माण तालिम, ढाका बुनाई तालिम जस्ता सिप विकास कार्यक्रमहरुबाट स्वरोजगारको रूपमा विकास गर्न तिनको आधुनिकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

१०. लैङ्गिक तथा जातिय भेदभाव दुरुत्साहन गर्न पोष्टर, पम्प्लेट, सडक नाटक जस्ता प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने ।

**छनौट प्रक्रिया :**

यस कार्यक्रममा लाभ लिने व्यक्तिहरूको छनौट वडास्तरिय समितिबाट सम्बन्धित वडामा स्थायी रुपमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमाा विपन्न एकल, विधुवा र अन्य विपन्न महिलाहरुका लागि गरिने छ । जसको अन्तिम सिफारिस गाउँपालिकास्तरिय महिला संजाल बैठकको निर्णयबाट हुनेछ ।

**छनौट मापदण्ड**

१. गोसाईकुण्ड गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने एकल महिला हुनुपर्ने ।

२. वडास्तरिय समितिले जिविकोपार्जन गर्न कठिन परिवारका व्यक्तिको छनोट गरी सिफारिस गर्नुपर्ने,

३. दलित परिवारका एकल महिला, असहाय, परम्परागत पेशा अँगालेका परिवार घरमुलि भएका एकल महिला तर जिविकोपार्जन गर्न कठिन भएको विपन्न व्यक्तिलाई प्राथमिकता दिनुपर्ने ।

४.समुहगत रुपमा सिप सिक्न तथा व्यवसाय सञ्चालन गर्न उत्सुक महिलालाई प्राथमिकतामा राख्ने

५. गोसाईकुण्ड गाउँपालिकाबाट चालु वर्ष अन्य कुनै पनि व्यवसाय अनुदान नपाएको व्यक्ति हुनुपर्ने ।

६. समुहगत लाभ हुने कार्यक्रमलाई प्राथमिकताको आधारमा छनौट गर्ने ।

७. धार्मिक सहिष्णुता, जातिय विभेद तथा सामाजिक सद्भाव खलल गर्ने कार्यक्रम हुन नहुने ।

**लक्षित समुह :**

गोसाईकुण्ड गाउँपालिकामा स्थायी बसोबास गर्ने एकल तथा विधवा महिला ।

**बजेटको बाडँफाँड :**

कार्यक्रम सञ्चालनका लागि गोसाईकुण्ड गाउँपालिकाले “व्यवसाय दर्ता भएका एकल महिला, महिला समूह, आमा समूहलाई व्यवसाय प्रबर्धन गर्न मागमा आधारित १ दिने पुनर्ताजगी तालिम प्रदान गर्ने । तालिममा सहभागी भएका इच्छुक विपन्न महिला तथा आमा समूहबाट व्यक्तिगत वा सामुहिक आधारमा प्रस्ताव माग गर्ने । लैगिंक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा विनियोजित एकमुष्ठ रकमबाट गाउँ कार्यपालिकाको निर्णयबाट न्यायोचित रुपमा एकमुष्ठ वा किस्तामार्फत् विउ पूजी अनुदान वितरण गरिनेछ । सो बराबरको रमक सम्बन्धित व्यक्ति वा समूहले आफूबाट थप गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**कार्य आदेश :**

वडास्तरिय एकल महिला समितिबाट छनोट भएका व्यक्तिहरूले गोसाईकुण्ड गाउँपालिकाको पालिकास्तरको महिला सञ्जालको बैठकले सिफारिस गर्ने र गाउँपालिकामा गठित देहायको समितिले प्राप्त प्रस्ताव अध्ययन गरी अनुदान रकमसमेत तोकी स्वीकृत गरेपछि तोकिएको मिति र समयमा सम्बन्धित वडाको क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । सम्बन्धित अनुदान प्राप्त व्यक्ति वा समूहले असार १५ गतेभित्र अनिवार्य रुपमा आफ्नो कामको विल भरपाईसहित प्रगति प्रतिवेदन गाउँपालिकाको सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ ।

प्रस्ताव अध्ययन तथा अनुदान निर्धारण समिति

गाउँपालिका अध्यक्षः संयोजक
गाउँपालिका उपाध्यक्षः सह संयोजक
प्रमुख प्रशासकीय अधिकृतः सदस्य
सामाजिक विकास अधिकृतः सदस्य
महिला, बालबालिका शाखा प्रमुखः सदस्य सचिब

**अनुगमन तथा मुल्याङ्कन :**

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गोसाईकुण्ड गाँउपालिकामा रहेको सामाजिक विकास समिति/गाउँपालिकाको अनुगमन समितिबाट गरिनेछ।

**प्रतिवेदन :**

सम्बन्धित कार्यक्रम स्थलको अनुगमनपश्चात् सो कार्यक्रमको मुल्याङ्कन तथा प्रभावको लेखाजोखा गरी अनुगमन समितिले प्रतिवेदन तयार गर्नुपर्ने छ। उक्त प्रतिवेदन शाखामार्फत आर्थिक प्रशासन शाखामा पेश गरिनेछ।

**भुक्तानी :**

अनुगमन तथा मुल्याङ्कन समितिको प्रतिवेदन साथै कार्यक्रम सञ्चालनको बिल भरपाईको आधारमा तोकिएको व्यक्ति वा समूहलाई गोसाईकुण्ड गाउँपालिका कार्यालयको आर्थिक प्रशासन शाखाबाट बाँकी रकम भुक्तानी गरिनेछ।

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत